बैठक नं: ८७

**आज मिति २०७८ फागुन ०४ गते बुधबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा ८७ औं कार्यपालिका बैठक बस्यो ।**

**उपस्थिती**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी. | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख वहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. तिलकलाल सिंह, अधिकृत आठौं, प्रशासन तथा योजना शा.
३. कृष्ण हरि सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
४. भूपाल लामिछाने, स्वकीय सचिव, (नगर प्रमुख) को

**मिति २०७८।११।१४ गतेको ८७ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएका विषयहरु**

१, गत कार्यपालिकाको निर्णयको समीक्षा सम्वन्धमा ।

२, पोषण कार्यक्रमका लागि महिला सहकारी छनौटगर्ने सम्वन्धमा ।

३, बसपार्क संचालनको व्यवस्थापन सम्वन्धमा ।

४, जग्गा सम्याइ खेतियोग्य गराउने सम्वन्धमा ।

५, नगर स्तरीय खेलकुद समिति गठनगर्ने सम्वन्धमा ।

६, स्थानीय तह संस्थागत क्षमता मुल्यांकन (LISA) सम्वन्धमा

Scanned with CamScanner

**मिति २०७८।११।४ गतेको ८७ औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस अधिको ८५औं र ८६ औं नगर कार्यपालिकाबाट भएका निर्णय कार्यान्वयनका सम्वन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा देवचुली नगरपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत महिला समूह सहकारी संस्थालाइ अनुदान उपलब्ध गराउने सम्वन्धमा महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्वन्धी आयमूलक कार्यक्रम संचालन कार्यविधि २०७७ मा व्यवस्था भए अनुसार प्रस्ताव आह्वानको सूचना जारी गरी उपयुक्त ठहरिएको महिला सहकारीलाइ अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रमा संचालन हुने यातायातका साधनहरुका लागि बसपार्क प्रयोगर्ने प्रयोजनका लागि नगरपालिकाले भाडामा लिई खानेपानी शौचालय समेतको व्यवस्था गरेको उक्त ठाउँ व्यवसायीहरुले प्रयोग गर्न आलटाल गरेको देखिएकोले सो सम्वन्धमा जग्गा भाडामा लिइरहन उपयुक्त नदेखिएमा स्थानीय बजार व्यवसायी, उद्योग वाणिज्यसंघ र यातायात व्यवसायीसंग छलफल गरी उपयुक्त व्यवस्था मिलाउन नगरपालिकालाइ जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रमा जग्गा सम्याइ खेतीयोग्य वनाउने सिलसिलामा यस क्षेत्रका टेक्टर व्यवसायी र हेभि इक्वीपमेण्ट व्यवसायीहरुले दिएको माग निवेदन उपर विस्तृत रुपले छलफल गर्दा सम्वन्धित जग्गा धनीको निवेदन माग बमोजिम स्थलगत अनुगमन गरी जग्गाको क्षेत्रफलको आधारमा उपयुक्त म्याद दिइ यस अधि कार्यपालिकाले गरेको निर्णयको परिधिभित्ररही साविक बमोजिम नै नियमानुसार इजाजत दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ५,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा देवचुली नगरपालिकाको खेलकुद विकास ऐन २०७८ को दफा ३ को उप दफा (२) (क) मा व्यवस्था भए अनुसार देवचुली न.पा. वडा नं. १ निवासी श्री सुवास चन्द्र ओझाको अध्यक्षतामा उक्त दफामा तोकिए बमोजिम १५ सदस्यीय नगर स्तरीय खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा देवचुली नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता मुल्यांकन (LISA) सम्वन्धमा यस नगरपालिकाको मुल्यांकन तर्फ ८७ अंक प्राप्त हुन आएकोमा नगरपालिकाबाट भए गरेका कार्यहरु प्रति धन्यवाद सहित आगामी दिनमा समेत यस कार्यलाई निरन्तरता दिइ मुल्यांकनका बखत कमी कमजोरी देखिएका विषयहरुमा अझ बढी अंक प्रदान गर्नेगरी थप प्रयत्नका लागि जन प्रतिनिधि लगायत कर्मचारीहरुलाइ उत्साहित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner